# सुदूरपश्चिम प्रदेश सरकारको

# सय दिन

## माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको नेतृत्व कालमा सुदूरपश्चिम प्रदेश सरकारले एक सय दिनको अवधिमा सम्पादन गरेका प्रमुख कृयाकलाप एवं हासिल गरेका मुख्य उपलब्धिहरू

२०८१ श्रावण २१ गतेदेखि कार्तिक २७ गतेसम्म

## प्रमुख क्रियाकलाप र हासिल उपलब्धिको सारांश

आदरणीय प्रदेशवासी बुवा आमा, दाजुभाई, दिदीबहिनी तथा सञ्चारकर्मी मित्रहरू,

- सुदूरपश्चिम प्रदेशको वर्तमान सरकारले सय दिनको अवधि पूरा गरेको उपलक्ष्यमा यहाँहरू सबैमा हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। लामो राजनीतिक बलिदान र संघर्षहरुबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको दोश्रो कार्यकालको वर्तमान प्रदेश सरकार सम्पूर्ण शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछ र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका सबै योद्धा, घाइते र शहिद परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।
- एक सय दिनको यो अवधि शासकीय दृष्टिले **<u>राजनीतिक, प्रशासनिक र आर्थिक पक्षमा</u>** उपलब्धिमूलक रह्यो। तोकिएको समयभित्रै बजेट आउन नसकेको यस अवधिको शुरुवाती समयमा राजनीतिक, प्रशासनिक र आर्थिक विषयमा सहमति जुटाउने, प्रदेश सभाको विश्वास लिई राजनीतिक स्थायित्व र सुशासनको प्रत्याभूति दिने गरी विकास प्रयास र सेवाप्रवाहको बलियो जग बसाउने पथ तय गर्ने आधारभूत कार्य पूरा भएको छ। मिति २०८१ श्रावण २१ गते मेरो नेतृत्वमा सरकार गठन भएसँगै मन्त्रिपरिषद् विस्तारले एकैपटक पूर्णता पाएको, सोही दिन माननीय प्रदेश प्रमुखज्यूसमक्ष सपथ ग्रहण गरी सरकारले आफ्नो काम कारवाही शुरू गरेको र श्रावण ३० गते सम्मानित प्रदेश सभाबाट वर्तमान सरकारले विश्वासको मत समेत प्राप्त गरेकोबाट राजनीतिक रूपमा यो सरकारले स्थायित्व हासिल गरेको छ।

- पछिल्लो समय पटक-पटकको राजनीतिक र प्रशासनिक नेतृत्वको फेरबदलबाट अपेक्षित विकास आत्मसात हुन नसकेकोमा समग्र वस्तुस्थितिको अध्ययन, सेवा प्रवाह, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणको लागि कार्यदल गठन भई १५ दिनभित्रै प्रतिवेदन प्राप्त हुनु, प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८० पारित भई कार्यान्वयनमा आउनु लगायतका विषय प्रसँगले प्रशासनिक संयन्त्र समेत चलायमान भएको छ।
- निवर्तमान सरकारले ल्याएका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न समयमै बजेट तथा कार्यक्रम आउन नसक्दा सिर्जना भएको जटिल परिस्थितिबाट सिर्जित समस्याहरु चिर्दै ढिलै भएपनि वर्तमान सरकारले बजेट पारित गरी कार्यान्वयनमा ल्याएको छ। बजेट ल्याउँदा प्रदेश सरकारको ४ बुँदे प्रतिवद्धता र मार्गदर्शनबाट बजेट तथा आयोजना सुशासनका साथै प्रभावकारी सेवा प्रवाह र विकासको माध्यमबाट प्रदेशका आम जनताबीच विकास, स्थायित्व र सुशासनका लागि आशा र भरोसा बढेको छ।
- आवधिक योजना, विकास कार्यक्रम र बजेट प्राथमिकीकरणमा विधिको पालना, सुशासनका लागि प्रदेश सरकारको प्रतिवद्धता तथा विभिन्न मार्गदर्शनको कार्यान्वयन स्वरुप समग्रमा जवाफदेहिता र उत्तरदायी प्रणालीको असल अभ्यासको थालनी भएको छ।
- जननिर्वाचित प्रदेश सभा सदस्यको सहभागितामा तत् तत् निर्वाचन क्षेत्रको प्राथमिकता, राष्ट्रिय नीति, प्रादेशिक प्राथमिकता, आवधिक योजना, वार्षिक नीति, कार्यक्रम र बजेटसँग योजना, आयोजना, कार्यक्रम र परियोजनाको परस्पर अन्तरसम्वन्धमार्फत प्रादेशिक सन्तुलन कायम गर्ने परिपाटीको थालनी भएको छ।

- स्थानीय तहसँगको समन्वय र सहकार्य संस्कृतिलाई निरन्तरता दिइएको छ। सहयोग, समन्वय र साझेदारीका लागि सूचना आदान-प्रदान गर्न पछिल्लो समय सूचना प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्दै प्रदेश सरकारलाई स्थानीय तहसँग जोड्ने कामको थालनी भएको छ।
- आयोजना बैंकको कार्यान्वयनमार्फत समपुरक र विशेष अनुदानअन्तर्गत CS Grants Portal मार्फत विभेद र पक्षपातरहित, सन्तुलित र न्यूनतम् मापदण्ड पूरा भएका योजना/आयोजना प्रविधिको माध्यमबाट छनौट गर्ने प्रणालीको प्रारम्भ गरिएको छ।
- योजना तर्जुमा देखि कार्यान्वयनसम्मको कार्यलाई मागमा आधारित, यथार्थपरक र सहभागितामूलक बनाई संघ, प्रदेश र स्थानीय तह बीचको कार्यात्मक सम्बन्धलाई विकाससँग आवद्ध गर्नको लागि अन्तर-सरकारी सम्वन्धका पूर्वाधार र संरचनाहरूलाई उपयोग गरिएको छ ।
- प्रदेशभित्रका धार्मिक, सांस्कृतिक र पर्यटकीय पूर्वाधार विकास, व्यवस्थापन र प्रवर्द्धनका लागि अन्तर-प्रदेश सहसम्वन्ध र साझेदारी सहितको विशेष प्रयासको थालनी गरिएको छ। पर्यटनबाट भविष्यमा यस प्रदेशको बहु-आयामिक क्षेत्रमा प्रदर्शनीय प्रभाव पर्ने हुँदा एकीकृत कार्यक्रम कार्यान्वयन गुरूयोजना तयार पार्ने कामको थालनी गरिएको छ।
- आयोजना बैंकमार्फत आयोजना छनौट, प्राथमिकीकरण तथा प्रतिफल र औचित्यताका आधारमा आयोजनाको विनियोजन दक्षता र कार्यान्वयन कुशलताका लागि विद्युतीय पोर्टल निर्माण भई आयोजना प्रविष्टि गर्ने कार्य सुरू भएको छ ।

- आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, सडक मर्मत सम्भार तथा व्यवस्थापन कार्यविधि, पूर्वाधार आयोजनाको सडक र पुलको वातावरणीय अध्ययन निर्देशिका, आयोजनामा जनसहभागिता कार्यविधि, प्रदेश प्रमुख एकीकृत वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, यातायात प्राधिकरण विकास समितिको अवधारणा, बायोग्याँस जडान सम्वन्धी कार्यविधि, आयोजनाको बहुबर्षीय ठेक्का सम्वन्धी मापदण्ड, प्रादेशिक प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, वास (खानेपानी, सरसफाई तथा स्वच्छता) मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने गरी प्रदेश सरकारले कार्यदिशा तय गरिएको छ।
- यस प्रदेशमा साविकमा भन्दा ढिलो गरी बजेट पारित भएको समयमा वर्तमान सरकारले यस अवधिमा सम्पादन गरेको कृयाकलाप र उपलब्धिहरू मुख्यरूपमा **कानुनी संरचना निर्माण र प्रणाली सुधार**मा केन्द्रित रहेको छ। वर्तमान सरकार संस्थागत सुशासन, वित्तीय पारदर्शीता र विकासको प्रत्याभूति दिलाउने विषयमा क्रियाशील रहेको छ।
- कुल बजेटको ८.०२% र पूँजीगत तर्फ ५.९७% रकम खर्च भएको यो अवधिबाट समयमै विकास निर्माणका कार्यहरू सम्पन्न गर्न, प्रक्रिया र गुणस्तरमा संझौता नगर्न तथा स्थलगत अनुगमन तथा मूल्यांकन समेत गरी विकास आयोजनाहरूलाई तिब्रताका साथ गति प्रदान गर्न सबै मन्त्रीहरूका साथै प्रशासनिक नेतृत्व, सम्बन्धित निर्माण व्यवसायी र कर्मचारीलाई निर्देशन भएको छ।

- यस अवधिमा पहिलो दुई महिना बजेट शुन्यतामा रहनुपरेपनि बाँकी अवधिमा ८.०२% कुल बजेट खर्च भएको र लक्ष्यको तुलनामा २३.९४ प्रतिशत राजश्व परिचालन भएको छ।
- आर्थिक बर्ष २०८०/८१ मा प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रू २ अर्व ३४ करोडको तुलनामा यस बर्ष ४४% ले बृद्धि भई रू ३ अर्ब ३८ करोड पुर्याइएकोबाट स्थानीय तह र प्रदेश सरकार बीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि भएको छ ।
- यस अवधिमा कुल १८ कि.मि. सडक कालोपत्रे र २७ कि.मि. सडक ग्राभेल गरिएको, २ वटा नयाँ पुल निर्माण सम्पन्न गरिएको र अन्यको हकमा प्रादेशिक महत्वका उच्च प्रभावशाली योजनाहरूको छनौट तथा बार्षिक कार्यान्वयन कार्ययोजना तयार पारी नियमित अनुगमन तथा मूल्यांकन समेत गरिने कार्यक्रम रहकोबाट पूर्वाधार विकासको सन्दर्भमा आगामी दिनमा प्रभावकारी नतिजा देखिने कुरामा भरोसा गर्न सकिन्छ।
- प्रादेशिक सडक गुरूयोजनाको मस्यौदा र सडक मर्मत संभार निर्देशिका समेत तयार भइरहेको परिदृष्यबाट आगामी दिनमा हाम्रो विकास प्रयासले ठोस गति लिई प्रादेशिक तथा स्थानीय सडक सुधार हुने अनुमान गर्न सकिन्छ।
- चाडपर्वको अवसरमा उपभोक्ता हित संरक्षण गर्न, कालोबजारी नियन्त्रण गर्न तथा बजारमा खाद्यबस्तुको कृतिम अभाव हुन नदिन प्रशासन, सुरक्षा निकाय र प्रदेशको संयुक्त टोली परिचालन गरिएको छ।

- प्रदेशमा यस अवधिमा अतिक्रमित वन क्षेत्र खाली गरी वन क्षेत्र कायम गरिएको र सो क्षेत्रमा वृक्षारोपण गरी वन र वातावरण संरक्षणका लागि सरकार क्रियाशिल भएको छ। समुदायसँगको साझेदारीमा साझेदारी वन र सामुदायिक वनको अवधारणा अंगिकार गर्दै वन क्षेत्रको दिगो व्यवस्थापन गर्न प्रदेश सरकार गम्भिरतापूर्वक लागिपरेको छ।
- सामाजिक र सांस्कृतिक क्षेत्र संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि प्रदेश सरकार गम्भिर भएर अगाडि बढेको छ। स्वास्थ क्षेत्रमा जनशक्ति उत्पादन गर्दै जनस्वास्थ्य सेवामा सबै प्रदेशबासीको पहुँच पुर्याउने उद्देश्यसहित MBBS अध्ययनको लागि छात्रवृत्ति प्रदान गरिएको छ ।पछिल्लो समय फैलिएको महामारी नियन्त्रण गर्ने अभियान सञ्चालन गरिएको छ।
- कर्मचारीको नैतिक आचरणयुक्त व्यवहार, अनुशासन, पोशाक र समय पालना, सदाचारी संस्कृति र सेवाभाव राख्ने विषयमा विभिन्न चरणमा निर्देशन गरिएको छ। सार्वजनिक प्रशासनबाट परिणाममुखी, प्रभावकारी र पारदर्शी कार्यसम्पादन गर्दै आमजनताप्रतिको जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने विषयमा समेत प्रशासन संयन्त्रलाई निर्देशन भएको छ।
- सेवाप्रवाह, सूचनाको हक कार्यान्वयन, मितव्ययीता पालना र गुनासो व्यवस्थापनमा हुने लापरवाही, अनियमितता वा अनदेखा जो सुकैलाई जुनसुकै समयमा कारवाही गर्न वर्तमान सरकार निर्मम हुनेछ भन्ने समेत विश्वास दिलाउन चाहन्छ।
- सदाचार प्रवर्द्धन एवं भ्रष्टाचार न्यूनीकरण गरी सुशासन अभिबृद्धि गर्ने मूल मन्त्रसहित वर्तमान सरकार गठन भएको र मेरो पदभार ग्रहण

गरेको शुरूको निर्णय नै यसै विषयमा केन्द्रित रही कार्यदलबाट प्रतिवेदन समेत प्राप्त भएकोबाट वर्तमान सरकारले सुशासन कायम गर्ने विषयमा कुनैपनि संझौता नगर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

- कृषि क्षेत्र प्रदेशको विकासका लागि महत्वपूर्ण रहेको हुँदा यस अवधिमा तोकिएका कार्यक्रमहरू सञ्चालन गर्ने कानुनी संरचना र अन्य पूर्वाधार निर्माणमा सम्वन्धित निकायलाई केन्द्रित गरिएको छ।
- कृषकलाई रासायनिक मलमा अनुदान उपलब्ध गराउन साल्ट ट्रेडिङ्गसँग सम्झौता गरिएको छ । यस अवधिमा विभिन्न परीक्षण सेवा, खोप सेवा, विउ प्रमाणीकरण, कृषक पाठशाला सञ्चालन, तालिम तथा कोल्ड चेम्वर निर्माण कार्य सम्पन्न भएका छन्। यसबाट आधुनिक प्रविधिको प्रयोग र उत्पादकत्व अभिवृद्धि भई प्रदेश कृषि उपजमा आत्मनिर्भर हुने दिशातर्फ उन्मुख रहेको छ।
- विपद व्यवस्थापन, सूचना तथा सञ्चार क्षेत्रको सुदृढीकरण, लागुऔषध नियन्त्रण, सुरक्षा निकायसँगको समन्वय र सहयोग लगायतका कार्यहरूमा बर्तमान सरकार गम्भिर भएर अगाडि बढेको छ।सीमा क्षेत्रमा हुन सक्ने संभाव्य अपराध, तस्करी र पैठारी नियन्त्रण गर्न सफ्टवेयरको माध्यमबाट यात्रुहरूको विवरण राख्ने कार्य अगाडि बढाइएको छ।
- गुनासो व्यवस्थापनलाई तिव्रता दिइएको छ। यसबाट शासकीय प्रवृत्तिमाथि नागरिक र सेवाग्राहीको भरोसा अभिबृद्धि गर्ने वातावरण तयार हुँदै गएको छ।
- माथि उल्लेख गरिएका विषयमा तथा प्रादेशिक सन्तुलनसहितको राष्ट्रिय नीति, प्रदेशका योजना, आयोजना कार्यान्वयन तथा स्थानीय तहसँगको प्रदेशको सम्वन्ध र साझेदारीका लागि संघ सरकार,

साझेदार र सरोकार निकायसँग पटकपटक समन्वय र परामर्श गरिएको छ।

समग्रमा सय दिनको यस अवधिमा हासिल गरिएका उपलब्धिका साथै नयाँ लक्ष्य, अपेक्षा र भरोसाको जग बसेको छ। नेपाल सरकारको १६ औं आवधिक योजना, प्रदेश सरकारको प्रथम पञ्चवर्षीय आवधिक योजना, आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट मार्फत तय भएका उद्देश्य, नीति, कार्यक्रम, योजना र परियोजनामा निर्धारित लक्ष्य हासिल गर्दै राजनीतिक, आर्थिक र सामाजिक लगायतका चुनौतीहरूको सामाना गरी अघि बढ्न वर्तमान सरकार अहोरात्र लागिपरेको छ। यस प्रदेशको समग्र राजनीतिक र प्रशासनिक नेतृत्व, साझेदार निकाय तथा सरोकारवाला आम-जनसमुदायबीचको आपसी समन्वय र सहकार्य, सम्वाद र छलफल समेतका माध्यमबाट प्रदेशभित्र शान्ति, सुरक्षा, विकास, समृद्धि, सेवाप्रवाह र सुशासन कायम राख्दै आम प्रदेशवासी जनताको समुच्च हित सुनिश्चित गर्न प्रदेश सरकार कृयाशील, प्रतिवद्ध र तत्पर रहेको विश्वास दिलाउन चाहन्छु। जनअनुमोदित कार्यक्रममार्फत जनअपेक्षित उपलब्धि हासिल गर्न सम्पूर्ण राजनीतिक, प्रशासनिक, निजी र गैरसरकारी क्षेत्र, शैक्षिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् र आम-जनसमुदायसँगको सहकार्य, सहयोग र साझेदारीको लागि हार्दिक अनुरोध गर्दछु।

यसबीच मेरो नेतृत्वको सरकारको १०० औं दिन पूरा भएको अवसरमा यस अवधिमा सम्पादन भएका मुख्य क्रियाकलाप तथा हासिल भएका उपलब्धिहरू देहायबमोजिम प्रस्तुत गर्दछु।

## १. सम्मतिबाट समुन्नतिको नेतृत्व गर्दै वर्तमान प्रदेश सरकार

विक्रम सम्वत् २०७९ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन पश्चात यस प्रदेशमा विभिन्न समयमा तीन पटक फरक-फरक सरकार गठन भई कार्यसञ्चालन भएको थियो। केही सकारात्मक प्रयासका बावजुद अपेक्षित नतिजा हासिल हुन नसक्दा प्रदेशको विकास प्रयासले गति लिन सकिरहेको थिएन। यस पटक प्रदेशमा विकास प्रयास, प्रशासन सञ्चालन र सार्वजनिक सेवा प्रवाहको नेतृत्वको लागि मिति २०८१ श्रावण २१ गते मेरो नेतृत्वमा प्रदेश सरकारको गठन भई कार्यारम्भ गरेको सय दिनको अवधि मिति २०८१ कार्तिक २७ अर्थात् आजको दिनमा पुरा भएको छ। मिति २०८१ साल श्रावण ३० गते मलाई प्रदेश सभाबाट विश्वासको मत दिलाउन सहयोग र समन्वय गर्नुहुने राजनीतिक दल र माननीय प्रदेश सभा सदस्यहरु समेतको सहकार्यमा प्रदेश सरकार अगाडि बढिरहेको छ। यसैगरी प्रदेश सरकारका प्रमुख सचिव, सचिव र कर्मचारी, विभिन्न विकास साझेदार, नागरिक समाज, स्थानीय तहका पदाधिकारी, सञ्चारकर्मी र निजी एवम् व्यावसायिक संघसंस्थाहरुसँगको छलफल तथा पृष्ठपोषणबाट प्राप्त विषयवस्तु समेतलाई आत्मसाथ गरी सरकारले काम कारवाही सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। यस अवधिमा प्रदेश सरकारले प्रदेशभित्र वित्तीय पारदर्शीता, सुशासन प्रवर्द्धन, भ्रष्टाचार न्यूनीकरण तथा समग्र सेवा प्रवाह, विकास निर्माण र राजश्व संकलन लगायत नागरिक सरोकारका विविध पक्षहरुमा केन्द्रित रही कार्य अगाडि बढाईरहेको छ।

## २. कानून निर्माण तथा संसोधन

**नीति**

- सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१
- अपाङ्गतासम्वन्धी प्रादेशिक नीति, २०८१,

**ऐन**

- प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८०
- सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१,
- सामयिक राजस्व संकलन सम्बन्धी ऐन, २०८१
- प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक (पहिलो संशोधन) २०८१ प्रदेश सभाबाट पारित भएको ।

**विधेयक**

- सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक मेरै नेतृत्वको सरकारको समयमा प्रदेश सभामा दर्ता भएको र हाल उक्त विधेयक उपर प्रदेश सभाको विधायन तथा प्रदेश मामिला समितिमा छलफलको क्रममा रहेको छ।
- प्रदेश सभाको आगामी अधिवेशनमा प्रस्तुत हुने गरी सुदूरपश्चिम प्रदेश संघ संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ र सुदूरपश्चिम प्रदेश आमसंचार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१ को मस्यौदा तर्जुमाको चरणमा रहेको ।

**नियमावली**

- प्रदेश निजामती सेवा नियमावली, २०८१ को मस्यौदा तयार भई राय/परामर्शको लागि मन्त्रालय र निकायहरूमा पठाइएको।

**अन्य कानून**

- सुदूरपश्चिम प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्वन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१,
- सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८१/८२ को बजेट, यससँग सम्बन्धित विभिन्न मार्गदर्शनहरू,
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८० संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।

## ३. मन्त्रिपरिषद् बैठक र निर्णय कार्यान्वयको प्रारम्भ

- प्रदेश सरकार गठन भएपश्चात हालसम्म ९ पटक मन्त्रिपरिषद्को बैठक बसी विविध विषयमा निर्णय भई कार्यान्वयन भइरहेको ।
- प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय र कार्यालयहरूको अन्तरिम तथा अस्थायी संगठन संरचना एवम् दरवन्दी तेरिज स्वीकृत भई कार्यान्वयनमा आएको।
- टिकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्वन्धी विधेयकको मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति दिइएको।
- मन्त्रिपरिषद्मा प्राप्त भएका विभिन्न कानूनहरू मन्त्रिपरिषद् समितिमा छलफल भएपश्चात सम्मतिबाट त्रुटिरहित निर्णय गर्ने परम्पराको थालनी भएको।

## ४. आन्तरिक मामिला व्यवस्थापन

- विपद व्यवस्थापन, सूचना तथा सञ्चार क्षेत्रको सुदृढीकरण, लागुऔषध नियन्त्रण, सुरक्षा निकायसँगको समन्वय र सहयोग प्रदान लगायत विभिन्न क्षमता विकास र जनचेतनाका कार्यक्रमहरु कार्यान्वयनमा रहेका।
- भारततर्फ जाने व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि सफ्टवेयर तयार गरिएको ।

## ५. विपद् व्यवस्थापन-

- मिति २०८१/०५/०३ को अविरल बर्षाले निम्त्याएको पहिरोमा परि ज्यान गुमाएका बझाङ्ग जिल्ला बुङ्गल नगरपालिका वडा नं. १० का विर वहादुर धामी लगायत मृतक जना ४ का हकवालालाई प्रति मृतक रु. १ लाखका दरले राहत उपलब्ध गराउने गरी जिल्ला विपद् व्यवस्थापन समिति, बझाङ्गलाई रकम उपलब्ध गराइएको ।
- मिति २०८१/५/१ गतेका दिन बडिमालिका दर्शन गर्न जाने क्रममा लेक लागि शक्त बिरामी भएका अछाम जिल्लाकी पवन देवी खड्का र बाजुरा जिल्लाकी पारूदेवी बि.क. लाई आकस्मिक हवाइ उद्दार गरी उपचारका लागि सुर्खेत पुर्याइएको।

## ६. आर्थिक मामिला व्यवस्थापन तथा सुधार

- चालु आर्थिक वर्ष २०८१/८२ मा कुल बजेट ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार विनियोजन गरिएकोमा विनियोजनको ८.०२ प्रतिशत खर्च भएको।
- जसमा चालुतर्फ रु. १२ अर्ब ८५ करोड ७४ लाख ५ हजार विनियोजन गरिएकोमा विनियोजनको ११.०१ प्रतिशत र पुँजीगततर्फ

रु. १८ अर्ब ७६ करोड २४ लाख २३ हजार विनियोजन गरिएकोमा विनियोजनको ५.९७ प्रतिशत खर्च भएको।

- चालु आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको आन्तरिक राजस्व रु. १ अर्ब ६० करोड ७० लाख १५ हजार परिचालन हुने लक्ष्य राखिएकोमा आजको मितिसम्म रु. ३८ करोड ४५ लाख ३० हजार अर्थात् लक्ष्यको तुलनामा २३.९३ प्रतिशत राजस्व परिचालन भएको।
- आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजनको ३.७१ प्रतिशत अर्थात् रु. १ अर्ब ३६ करोड ४० लाख वित्तीय हस्तान्तरण गरिएकोमा गत आर्थिक वर्ष २०८०/८१ मा सो रकम ८.०२ प्रतिशत अर्थात् रु. २ अर्ब ३४ करोड ७५ लाख ७० हजार वित्तीय हस्तान्तरण गरिएको थियो भने चालु आर्थिक वर्षमा कुल विनियोजनको १०.६९ प्रतिशत अर्थात् रु. ३ अर्ब ३८ करोड १७ लाख ६० हजार वित्तीय हस्तान्तरण गरिएको।
- आर्थिक वर्ष २०७९/८० मा वित्तीय हस्तान्तरणतर्फ रु. १ अर्ब ३६ करोड ४० लाख विनियोजन गरिएकोमा गत आर्थिक वर्ष २०८०/८१ मा सो रकम ७२.१० प्रतिशतले वृद्धि भई रु. २ अर्ब ३४ करोड ७५ लाख ७० हजार वित्तीय हस्तान्तरण गरिएको थियो भने चालु आर्थिक बर्ष २०८१/८२ मा गत आर्थिक वर्षको तुलनामा ४४.०५ प्रतिशतले वृद्धि भई कुल रकम रु. ३ अर्ब ३८ करोड १७ लाख ६० हजार वित्तीय हस्तान्तरण गरिएको।
- आर्थिक विधेयक वा आर्थिक अध्यादेश पारित हुन नसकेको अवस्थामा प्रदेशको राजस्व संकलन गर्ने सामयिक राजस्व संकलन सम्बन्धी अध्यादेश, २०८१ जारी गरी प्रदेशको राजश्व संकलन गर्ने कार्य गरिएको।

- सुदूरपश्चिम प्रदेशका विकास सम्बन्धी समस्याहरुबारे राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा छलफल गर्ने गरी सुदूरपश्चिम प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको।
- आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बार्षिक बजेट कार्यान्वयन तथा मूल्यांकनको वार्षिक समीक्षा सम्पन्न भएको।

## ७. भौतिक पूर्वधार निर्माण

- १८.५ कि.मि. सडक कालोपत्रे र २७ कि.मि. सडक ग्राभेल भएको।
- २ वटा सडक पुल निर्माण भएका।
- १ वटा सडक पुलको लागि बोलपत्र आव्हान भएको छ।
- झोलुंगे पुल निर्माणको लागि १६,००० मिटर लट्ठा खरिद कार्य सम्पन्न।
- ३ वटा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यसूची स्वीकृत भएका।
- ४ वटा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन स्वीकृतिको चरणमा रहेका।
- ३० वटा झोलुंगे पुल निर्माणको लागि स्थानीय तहलाई परामर्श सेवा प्रदान।
- प्रादेशिक सडक गुरुयोजना (PTMP) र सडक मर्मत सम्भार निर्देशिकाको मस्यौदा तयार भएको।
- प्रादेशिक तथा स्थानीय सडक सुधार तर्फ
  - ➢ सहजपुर-निगाली सडक (१५ कि.मि.) र चान्देव बजार-लालझाडी गाउँपालिकादेखि पुनर्वाससम्मको १३ कि.मि. सडक

निर्माण कार्यका लागि रु १ अर्ब ५करोड लागतको खरिद प्रकृया अगाडि बढाई बोलपत्र मूल्याङ्कन सम्वन्धी कार्य भैरहेको।

- ८ वटा खानेपानी योजना सम्पन्न भई ८९६ वटा घरधुरीमा निजी धारा जडान गरी १५७०५ जना प्रदेशबासी नागरिक स्वच्छ पिउने पानीबाट लाभान्वित भएका ।
- २ वटा कभर्ड-हलको निर्माण कार्य सम्पन्न भएको ।

## ८. सूचना, सञ्चार तथा समन्वय

- मिति २०८१/७/११ र १२ गते सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका योजना आयोगहरूबीच धनगढीमा सम्पन्न समग्र सिकाई आदान-प्रदान कार्यक्रममा दुवै प्रदेशका उर्जा, पर्यटन, कृषि, उद्योग, यातायात तथा बाणिज्यसहित हवाई सेवा सञ्चालन, सीमा व्यवस्थापन लगायतका विषय क्षेत्रमा अन्तरसमन्वय तथा साझेदारी गर्ने सहमति भएको।
- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट पदाधिकारी र कर्मचारीहरूका लागि नेतृत्व विकास तथा अनुगमन, क्षमता विकास, सामाजिक जवाफदेहिता र सार्वजनिक खरिद सम्वन्धी विभिन्न ४ वटा तालिम तथा प्रशिक्षण कार्यक्रममा कुल १७२ जनाको सहभागिता रहेको।

## ९. कृषि तथा पशुपन्छी विकास

- विगत वर्षदेखि निर्माणाधीन अवस्थामा रहेका बडीमालिका नगरपालिका, साँफेबगर नगरपालिका र गोदावरी नगरपालिकास्थित ३ वटा कोल्ड चेम्बर निर्माण कार्य सम्पन्न भएको।

- ६१० हेक्टर क्षेत्रफलमा गहुँ तथा दलहन बालीको बीउ उत्पादन कार्यक्रम संचालन भएको छ।
- आलु, तरकारी र गहुँमा ३० वटा कृषक पाठशाला सञ्चालन शुरुवात भएको।
- कृषि ज्ञान केन्द्रहरु मार्फत ५६५ हेक्टर क्षेत्रफलमा व्यवसायिक आलु तथा तरकारी खेतीका लागि सहयोग गरिएको।
- प्रदेशभित्र मन्त्रालयको सहयोगमा स्थापना भएका च्याउ बीउ प्रयोगशालाहरु मार्फत १०.८ टन च्याउको बीउ उत्पादन भई बितरण गरिएको।
- १५० हेक्टर क्षेत्रफल धानको खडा वाली निरीक्षण तथा १६० वटा बीउको नमूना जाँच सम्पन्न गरिएको।
- प्रदेश भित्रका सरकारी फार्म केन्द्रमार्फत २५ रोपनी क्षेत्रफलमा मुला, रायो, केराउ र प्याजको मूल बीउ उत्पादन, ४०० के.जी. तरकारी बीउ र ५० हजार हिउँदे फलफूलका बेर्नाहरु विक्री वितरणका लागि तयारी अवस्थामा रहेको।
- गेटामा निर्माण भएको तरल नाइट्रोजन प्लान्टबाट २५०० लिटर तरल नाईट्रोजन उत्पादन भई बाख्रा आनुवांशिक श्रोत केन्द्र, बुढीतोला, प्रदेशका ८ वटा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र ३८ वटा स्थानीय तहमा वितरण भई बाख्रा, गाई, भैसीमा कृत्रिम गर्भाधान सेवा सहयोग कार्यक्रम सम्पन्न भएको।
- प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत २० हजार पशुपन्छीलाई उपचार सेवा, ४२५० मा कृत्रिम गर्भाधान सेवा, २८६७ प्रयोगशाला सेवा, १,३७,१५० खोरेत र २५,०००

पशुहरूमा लम्पी स्किन खोप तथा १५,७५० कुकुरमा रेविज खोप लगाउने कार्य सम्पन्न भएको ।

- ४ वटा व्यवसायिक पशुपालन तालिम सञ्चालन भई ६४ जना कृषक लाभान्वित भएका।
- मत्स्य प्रवर्द्धनका लागि मत्स्य विकास केन्द्र, गेटाबाट ४९ लाख ह्याचलिङ, ९ लाख ९४ हजार फिङ्गरलिङ, १ लाख ७२ हजार फ्राई र ३१० के.जी. इयरलिङ्ग उत्पादन गरी विक्री वितरण गरिएको।
- सुदूरपश्चिम प्रदेश नियमन क्षेत्रभित्र रहेका ३५ वटा सहकारी संघ-संस्थाको नियमित तथा सघन अनुगमन गरिएको।
- सुदूरपश्चिम प्रदेशभित्रका २७ वटा स्थानीय तहका सहकारी शाखामा कार्यरत कर्मचारीहरुलाई लेखापालन तथा नियमन सम्बन्धी ६ दिने तालिम कार्यक्रम सम्पन्न भएको।
- कृषि, पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम र सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रम संचालनका लागि सूचना प्रकाशन भई आवेदन संकलन भइरहेको।
- तरकारी फार्मबाट रू.१,८७,०००।-, तरल नाइट्रोजनबाट रू. ७५,०००।- र माछाका भूरा विक्रीबाट रू ११,२४,५८७।- गरी कुल रू.१३,८६,५८७।- राजश्व संकलन भएको।
- कैलाली र कञ्चनपुरमा छाडा पशु चौपायाको स्थायी र दीर्घकालिन व्यवस्थापन गर्नका लागि अध्ययन कार्यदल गठन भइ प्रतिवेदन प्राप्त भएको।

## १०. उद्योग, वन, पर्यटन तथा उर्जा

- प्रदेशका नौ वटा जिल्लाहरुमा विभिन्न किसिमका ७०८ वटा उद्योगहरु दर्ता भएका।
- प्रदेशका नौ वटा जिल्लाहरुमा १८ पटक बजार अनुगमन गरिएको। जसबाट ४१२ वटा पसलहरुको स्थलगत अनुगमन निरिक्षण गरी म्याद नाघेका सामानहरु नष्ट गरिएको।
- उद्योग तथा वाणिज्य क्षेत्रबाट रु १ करोड ७८ लाख ४३ हजार ६१ राजश्व आम्दानी भएको।
- आर्थिक वर्ष २०८१।०८२ को उद्योग तथा वाणिज्य, पर्यटन र वन तथा भू संरक्षण तर्फको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको ।
- प्रदेशमा सञ्चालन हुने विभिन्न २ वटा आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र विभिन्न ४ वटा आयोजनाहरुको कार्यसूची (TOR) स्वीकृत भएको।
- विभिन्न जिल्लामा गरी १०.५ हेक्टर निजी तथा वन क्षेत्रमा टिमुर लगायतका जडिबुटी तथा अन्य प्रजातिका विरुवा रोपण गरिएको।
- विभिन्न जिल्लाका ११६ वटा सामुदायिक वन समूहहरुको वन ब्यवस्थापन कार्ययोजना नवीकरण गर्नुका साथै ३ वटा नयाँ उपभोक्ता सम ूहलाई सामुदायिक वन हस्तान्तरण गरिएको।
- विभिन्न रुख प्रजातिका ९४ हजार ७०० गोटा विरुवा किसान तथा सामुदायिक वनका उपभोक्ताहरुलाई वितरण गरिएको।

- कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र दार्चुला जिल्लाबाट १,३५,९६२ घनफिट काठ र १८१ चट्टा दाउरा जिल्ला बाहिर निकासी भएको।
- वन पैदावार बिक्री वितरणबाट रु १ करोड ६० लाख ६३ हजार ५ सय ७७ राजश्व आम्दानी भएको।
- दिगो वन ब्यवस्थापन कार्यविधिको मस्यौदा तयार भएको।
- दर्ता भएका निजी वनमा रहेका साल प्रजातिको रुख कटान तथा निकासी सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको।
- प्रदेश पर्यटन बोर्ड गठनका लागि प्रकृया अघि बढेको।

## ११. शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास

- टिकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धी विधेयकको मस्यौदा निर्माण कार्य भइरहेको।
- एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ मा समयानुकूल संशोधन गरी चिकित्सा शिक्षा तर्फको MBBS अध्ययन छात्रवृत्ति वितरणका लागि आवेदन माग गरीएको।छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको छनौट अन्तिम चरणमा रहेको।
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी रणनीतिक योजना निर्माणका लागि मस्यौदा समिति गठन भई मस्यौदा निर्माणको कार्य भई रहेको।
- सुदूरपश्चिम प्रदेशमा महामारीको रुपमा फैलिएको जापानिज इन्सफ्लाइटिस र हैजा नियन्त्रण गरिएको।
- कोभिड-१९ विरुद्धको खोप अभियान संचालन भएको।

- सेती प्रादेशिक अस्पताल र वि.पि. कोइराला क्यान्सर अस्पताल भरतपुर बीच सम्झौता (MoU) गरी सेती प्रादेशिक अस्पतालमै क्यान्सर रोगको फ्लोअप चेकजाँच, उपचार र स्क्रिनिङ्ग सम्बन्धी कार्य भइरहेको।
- सेती प्रादेशिक अस्पतालमा उपलब्ध स्रोत साधन र जनशक्तिको परिचालन गरी छुट्टै जलन कक्ष स्थापना गरी सेवा प्रदान भइरहेको।
- प्रदेश सरकारको लागत साझेदारीमा महिला शिक्षिकालाई स्वास्थ्य बिमा कार्यक्रमको शुरूवात गरिएको ।
- दशौं राष्ट्रिय खेलकुदको जिल्लास्तरीय छनौट कार्य सम्पन्न भएको ।
- सेती प्रादेशिक अस्पतालमा निसन्तान तथा बाँझोपनको उपचार ब्यवस्थापन र अटिज्म क्लिनिक सेवा सञ्चालन तथा बालबालिकाहरूका लागि पि.आइ.सि.यु. कक्ष स्थापनाका लागि प्रक्रिया अगाडि बढेको ।
- सेती, महाकाली र टिकापुर प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक, एकल महिला र क बर्गका अपाङ्गता भएका नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधी ब्यवस्थापनको शुरूवात गरिएको ।
- प्रदेशमा बालश्रमको अवस्था र बालश्रम नीति सम्बन्धी प्रादेशिक संवाद कार्यक्रम आयोजना गरी नीतिको मस्यौदा माथि छलफल तथा सुझाव संकलन गरिएको।
- कैलालीको गेटास्थित प्रस्तावित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा संघ सरकारबाट यथाशक्य छिटो चिकित्सा शिक्षा पठनपाठन शुरू गराउन तथा विशिष्टीकृत स्वास्थ्य सेवा सञ्चालन गर्न संघ सरकारलाई अनुरोध गरिएको।

## १२. सार्वजनिक सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र सुशासन प्रवर्द्धन

- सुदूरपश्चिम प्रदेशमा उपचारको समयमा रगतको अभाव हुन नदिन तथा ब्लड बैंकमार्फत निःशूल्क रगतको प्रवन्धका लागि आवश्यक प्रक्रिया अगाडि बढेको।
- विपद्को समयमा हुन सक्ने संभावित क्षतिको जोखिम कम गर्न सबै प्रदेशबासी आमजनसमुदायको वीमा गर्ने प्रक्रिया अगाडि बढेको।
- विपद जोखिम न्यूनीकरण, राहत, हवाई उद्दार तथा व्यवस्थापनका लागि प्रदेश सरकारको मातहतमा रहने गरी हेलिकप्टर उपलब्ध गराउन प्रदेश स्तरीय विकास समस्या समाधान समितिको बैठकबाट निर्णय भएअनुसार राष्ट्रिय बिकास समस्या समाधान समितिमा सिफारिस भएको ।
- सार्वजनिक प्रशासनमा जनसंख्याको अनुपातमा थारु/राना थारुहरूको आरक्षणको सुनिश्चितताका लागि प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन भइ सुझावसहितको प्रतिवेदन प्राप्त भएको ।
- सार्वजनिक प्रशासनलाई भरोसायुक्त बनाउन आवश्यकताको आधारमा कर्मचारी सरूवा गर्ने मापदण्डमा संशोधन समेत गरी व्यवस्थित र विवादरहित सरूवा कार्य सम्पन्न भएको ।
- कर्मचारी पदपूर्ति एवं व्यवस्थापन कार्य व्यवस्थित, बैज्ञानिक र सामयिक बनाउने गरी स्थायी संगठन र व्यवस्थापन सर्वेक्षण गर्न, शासकीय गुणस्तर अभिबृद्धिको लागि उत्तरदायित्व निर्वाह गर्न तथा सेवाप्रवाहमा सुधार गर्दै प्रदेशबासी नागरिकको सेवामा खटिन, नीतिगत समाधान गर्नुपर्ने समस्याहरूमाथि छलफल गरी टुंगोमा पुर्याउन कर्मचारी प्रशासनको उच्च नेतृत्वलाई निर्देशन भएको ।

- आर्थिक बर्ष २०८१/८२ मा प्रदेश सरकारका महत्वपूर्ण योजना आयोजनाहरूमध्ये रूपान्तरण र सशक्तिकरणका दृष्टिले अनुगमन तथा मूल्यांकन समेत गर्न सकिने १०० वटा महत्वपूर्ण उच्च प्रभावशाली योजनाहरू (High Impact Projects-HIP) पहिचान गरी कार्यान्वयन गर्न अध्ययन भइरहेको ।

## १३. प्रदेश लोक सेवा आयोग

- प्रदेश र स्थानीय सेवा तर्फ विभिन्न सेवा, समूह, उपसमूह र तहका पाठ्यक्रमहरु स्वीकृत गरी सार्वजनिक गरिएको साथै नवौं तहका विभिन्न पदहरुको पाठ्यक्रमको मस्यौदा तयार भई छलफलको क्रममा रहेको।
- आयोगले सम्पादन गर्नुपर्ने कामको लागि आयोगमा दर्ता भएका १३ जना व्यक्तिहरुलाई विषयविज्ञ/विशेषज्ञको सूचीमा समावेश गरिएको।
- सार्वजनिक प्रशासन, सेवा प्रवाह, मानव संशाधन व्यवस्थापन र सुशासनसँग सम्बन्धित लेख रचना समेटिएको स्मारिका-२०८१ प्रकाशन अन्तिम चरणमा रहेको।

नेपालको संविधानको अधिनमा रही प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, प्रशासनिक संरचना निर्माण, कर्मचारी व्यवस्थापन तथा साधनस्रोत परिचालन गर्दै प्रदेशभित्र विकास निर्माण, राजश्व संकलन र सार्वजनिक सेवा प्रवाह गर्दै आइरहेको छ।

राजनीतिक अस्थिरता, केही कानुनी रिक्तता, संस्था, संरचना र जनशक्तिको अभाव एवम् सेवा प्रवाह अपेक्षित र प्रभावकारी नहुँदा जनमानसमा केहि असन्तुष्टि बढेको पक्कै छ। यस परिप्रेक्षमा देखिएका चुनौतीहरू चिर्दै

तदारुकताका साथ राष्ट्रिय र प्रदेशस्तरमा रहेका साझा कानुनी र संस्थागत संयन्त्र परिचालन गर्दै प्रदेश सरकारका विकास प्रयासलाई गति प्रदान गर्न तथा प्रभावकारी सेवा प्रवाहको माध्यमबाट नागरिकमा सुखानुभूति प्रदान गर्दै सुशासन कायम गर्न हामी प्रतिवद्ध रहेको विश्वास दिलाउँदै आगामी दिनमा समेत सरकारको क्रियाकलापमा निरन्तर खवरदारी र निगरानी बढाउनुहुन तथा सकारात्मक कार्यका लागि साथ, सहयोग, समन्वय र सदभाव प्रदान गर्नुहुन प्रदेशवासी सबैमा म हार्दिक अपिल गर्दछु।

धन्यवाद ।

कमल बहादुर शाह
मुख्यमन्त्री
सुदूरपश्चिम प्रदेश सरकार
२०८१ कार्तिक २७ गते,
मंगलवार